# मेलुङ गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# भेडपु,दोलखा

मेलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भेडपु, दोलखा बागमती प्रदेश, नेपाल २०७३

## आन्तरिक आय सङ्कलनको ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः- २०७७-०९-२०)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) घ को बुँदा नं. छ, सार्बजनिक खरिद ऐन तथा नियमावली र बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०७७ को ९ (१) सम्बन्धित अनुसूची ५ को व्यवस्था वमोजिम आ. व. २०७७/७८ को लागि मेलुङ्ग गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिबेदन (IEE) मा उल्लेखित मध्य तपशिल बमोजिमका नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड वमोजिम नदिजन्य पदार्थ उत्खनन् गरि स्वीकृत दरमा बिक्रि गर्ने गरि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृदि कर दर्ता प्रमाणपत्र, आ. व. २०७६/७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगदै तिरको वा सानिमा बैंक शाखा कार्यालय भेड्पू, दोलखामा रहेको यस कार्यालयको संचित कोष खाता नं. ०७२०१००२०००००१५ मा नगद जम्मा गरेको नगद भौचर साथ् निबेदन पेश गरि तपशिलमा तोकिएको समय अवधिभित्र बोलपत्र फारम खरिद गर्न सकिनेछ | एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन साथै प्रत्येक ठेक्का नं. को छुट्टाछुट्टै बोलपत्र पेश गर्नु पर्नेछ | रितपूर्बक पर्न आएका बोलपत्र सम्बन्धि कागजातहरु पेश गर्ने अन्तिम दिनको अपरान्ह २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ | साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन | बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ |

**तपशिलः**

| क्र. स. | आन्तरिक आय ठेक्का नं. | ठेक्का क्षेत्र/स्थल | संकलन गर्न सकिने अधिकतम् परिमाण (घ. मि. मा) | न्यूनतम् ठेक्का रकम रू (मु. अ. कर बाहेक) | बोलपत्र/दरभाउपत्र दस्तुर रू. | बोलपत्र जमानत रकम रू. र अवधि |
|---|---|---|---|---|---|---|
| १ | MRM-SGS-01-2077/78 | मिल्तीखोला तामाकोशी दोभान- ०२ (२७°२५'३०"N, ८६°३०'२५"E) मेलुङ्ग गा. पा.- ७ | ३९२०.०० | १२४६५६०.०० | १०००.०० | ३७०००.०० ७५ दिन |
| २ | MRM-SGS-02-2077/78 | ज्यामिरेबेसी क्षेत्र (२७°३०'५५"N, ८६°०५'११"E) मेलुङ्ग गा. पा.- ७ | ३४४०.०० | १०९३९२०.०० | १०००.०० | ३२०००.०० ७५ दिन |
| ३ | MRM-SGS-03-2077/78 | पौवाबेसी क्षेत्र (२७°३१'२१"N, ८६°०५'०८"E) मेलुङ्ग गा. पा.- ७ | ७९६.८० | २५३३८२.४० | १०००.०० | ७०००.०० ७५ दिन |
| ४ | MRM-SGS-04-2077/78 | बगुवाबेसी क्षेत्र- ०१ (२७°३२'०६"N, ८६°०४'५८"E) मेलुङ्ग गा. पा.- ४ | १६००.०० | ५०८८००.०० | १०००.०० | १५०००.०० ७५ दिन |
| ५ | MRM-SGS-05-2077/78 | बगुवाबेसी क्षेत्र- ०२ (२७°३२'११"N, ८६°०४'५७"E) मेलुङ्ग गा. पा.- ४ | २०००.०० | ६३६०००.०० | १०००.०० | १९०००.०० ७५ दिन |

बोलपत्र/ दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समयः सूचना प्रकाशित मितिबाट १५ औं दिनको कार्यलय समय भित्र |

बोलपत्र/ दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समयः सूचना प्रकाशित मितिबाट १६ औं दिनको मध्यान्ह १२:०० बजे भित्र |

बोलपत्र/ दरभाउपत्र खोल्ने मिति र समयः सूचना प्रकाशित मितिबाट १६ औं दिनको अपरान्ह २:०० बजे |उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ |अन्य बिस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्नुहुन वा यस कार्यालयको Website www.melungmun.gov.np मा हेर्न सकिनेछ |

प्रमुख प्रशासकिय अधिकृत